# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## सेवा आयोगको कार्यालय
### रामपुर, चितवन ।

प्रथम पटक प्रकाशित मिति :२०७१/७/२

## विज्ञापन सम्बन्धी सूचना

**(प्रशासनिक पदहरुको लागि दरखास्त आव्हान)**

**विज्ञापन नं.०२ विशेष आन्तरिक**

कृषि तथा वन विज्ञान विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०७१।३।११ को बैठकको निर्णय अनुसार कृषि तथा वन विज्ञान विश्वविद्यालय, २०६७ को दफा ३(२) र कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ को नियम १६ (४) बमोजिम समायोजन भई यस विश्वविद्यालयमा आएका अस्थायी, करार र मासिक ज्यालादारीको रुपमा कार्यरत कर्मचारी र मिति २०६९।६।४ भन्दा अगाडी यस विश्वविद्यालय सेवामा कार्यरत रहेका कर्मचारीको हकमा यस विश्वविद्यलयको शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ को नियम ८१ (१) को खण्ड ख (१), ख (२), ख (३) र ख (४) बमोजिम विशेष आन्तरिक प्रतियोगिताद्धारा स्थायी पद पुर्ति गर्नु पर्ने भएकोले आवश्यक शैक्षिक योग्यता र सेवा शर्त पुरा गरेका कार्यरत कर्मचारीहरुबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र  र दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिन भित्र कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगको कार्यालय हाकिमचोक, भरतपुर, चितवनमा आई पुग्ने गरि २/२ प्रतिका दरले आवश्यक कागजात सहित दरखास्त आह्वन गरिन्छ । दरखास्त फारम २०७१।७।२ गते देखि सेवा आयोगको कार्यालयबाट रु १००।- तिरी प्राप्त गर्न सकिनेछ । म्याद नाघि प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**आवदेन फारम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. शैक्षिक योग्यताको प्रमाणपत्रहरु र लव्धाङ्क पत्रहरुको प्रमाणित प्रतिलिपिहरु ।

२. अस्थायी /करार तथा मासिक  नियूक्तिका प्रमाणित प्रतिलिपिहरु ।

३. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

४. हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति ।

५. व्यक्तिगत बायोडाटा २ प्रति ।

६. तोकिएको परिक्षा शुल्क बुझाएको बैंक भौचर ।

७. सम्पर्क मिति : २०७१ साल माघ ५ गते ।

८. सम्पर्क स्थान : कृषि तथा वन विज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालय हाकिमचोक, भरतपुर, चितवन । सम्पर्क फोन नं. ०५६-५२२८५०

कर्मचारी तर्फ

**क.सं पद आवश्यक संख्या**

**१ भेटेरिनरी फिजिसियन** १ (एक)

**न्युनतम शैक्षिक योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थावाट वि.भि.एस्सी. एण्ड ए.एच. तहको परीक्षा उत्तीर्ण तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

२. **भेटेरिनरी सर्जन** १ (एक)

**न्युनतम शैक्षिक योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थावाट वि.भि.एस्सी. एण्ड ए.एच. तहको परीक्षा उत्तीर्ण तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

३. **सहायक प्रशासक** १ (एक)

**न्युनतम शैक्षिक योग्यता**

स्नातक वा सो सरहको परीक्षा उर्त्तीण

४. **ल्याव असिष्टेण्ट** १ (एक)

**न्युनतम शैक्षिक योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थावाट आई.एस्सी. विज्ञान वा प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

५. **सिनियर ईलेक्ट्रीसियन** १ (एक)

**न्युनतम शैक्षिक योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थावाट ईलेक्ट्रिकल विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

६. **हेड असिष्टेण्ट** ४ (चार)

**न्यूनतम शैक्षिक योग्यता**

प्रविणता प्रमाण पत्र वा सो सरहको परीक्षा उर्त्तीण

**७. लेखापाल १ (एक)**

**न्युनतम शैक्षिक योग्यता**

सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उर्त्तीण

**८. असिष्टेण्ट ३ (तीन)**

**न्युनतम शैक्षिक योग्यता**

प्रवेशिका परीक्षा वा सो सरह परीक्षा उर्त्तीण

**९. सहायक लेखापाल १ (एक)**

**न्युनतम शैक्षिक योग्यता**

प्रवेशिका परीक्षा वा सो सरहको परीक्षा उर्त्तीण

**१०. सिनियर अ.हे.व. १ (एक)**

**न्युनतम शैक्षिक योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थावाट सि.एम.ए. वा सो सरहको विषयमा तालिम प्राप्त तथा सम्वन्धीत क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

**११. टाईपिष्ट “ग” १ (एक)**

**न्युनतम शैक्षिक योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण भै नेपाली अंग्रेजी टाईपिङ्गमा डिप्लोमा प्राप्त गर्नुका साथै कम्प्यूटर संचालन सम्वन्धि ज्ञान भएको र सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त

**१२. सिनियर बुकवाईन्डर १ (एक)**

**न्युनतम शैक्षिक योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

**१३. ड्राईभर १ (एक)**

**न्युनतम शैक्षिक योग्यता**

हेभिड्राइभिङ्गको लाइसेन्स प्राप्त तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

**१४ . सिकर्मी १ (एक)**

**न्युनतम शैक्षिक योग्यता**

साधारण नेपाली, अग्रेजी लेखपढ गर्न जान्ने तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

**१५. माली (वगैचे) ३ (तीन)**

**न्युनतम शैक्षिक योग्यता**

साधारण नेपाली, अग्रेजी लेखपढ गर्न जान्ने तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

**१६. ड्रेसर २ (दुई)**

**न्युनतम शैक्षिक योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

**१७. भान्छे ३ (तीन)**

**न्युनतम शैक्षिक योग्यता**

साधारण नेपाली, अग्रेजी लेखपढ गर्न जान्ने तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

**१८. पियन ३ (तीन)**

**न्युनतम शैक्षिक योग्यता**

साधारण नेपाली, अग्रेजी लेखपढ गर्न जान्ने तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

**द्रष्टव्य**

१. लिखित परीक्षाको मिति तथा स्थान सम्पर्क मितिको दिन यस कृषि तथा वन विज्ञान विश्वविद्यालयको सेवा आयोगको सूचना पाटीमा टाँस गरिने छ ।

(पाठ्यक्रमको लागि website मा हेर्नु होला)

**समावेशीतर्फ छुट्याईएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ ।**

**१. आदिवाशी/जनजातिका हकमाः**

आदिवाशी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**२. मधेशीका हकमाः**

मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**३. दलितका हकमाः**

दलितका हकमा राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नेछ ।

**४. अपाङ्गका हकमाः**

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्वाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

**५. पिछडिएको क्षेत्रको हकमाः**

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बजाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहवाट आवेदन दिनेहरुले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्वन्धित जिल्लावाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकावाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।